608

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४५९/२०७१/०७२

निर्णय नं.१४

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ वस्ने नारायण पाल गडरिया ............................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जयमंगल सिमेन्ट उद्योग कार्यालय गनापुर, बाँके ..................................१ विपक्षी
सूचना अधिकारी, जयमंगल सिमेन्ट उद्योग कार्यालय गनापुर, बाँक ..................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

बाँके जिल्ला गनापुर गा.वि.स. वार्ड नं. २ बस्ने नारायण पाल गडरियाले जयमंगल सिमेन्ट उद्योग कार्यालय गनापुर, बाँके समक्ष तर्पासिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।२१ मा निवेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जयमंगल सिमेन्ट उद्योग कार्यालय गनापुर, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

**तपसिल**

१. यस उद्योगको जग्गाको क्षेत्रफल कति छ ? र यस उद्योगले उद्योग संचालन गर्दा कच्चा पदार्थ कहाँबाट ल्याउने गरेको छ ?

२. यो उद्योग कुन मितिमा दर्ता भएको हो ?

३. यस उद्योगमा मजदूर र कर्मचारी के कति जना छन् ? र कति तलब स्केलमा काम ज्याला तोकिएको छ ?

४. यस उद्योगबाट नेपाल सरकारको आन्तरिक राजश्व कर कुन कुन मितिमा चुक्ता गरिन्छ के के तिर्नु भएको छ ?

५. यस उद्योगबाट के कति ब्राण्डको सामाग्री उत्पादन हुन्छ र कुन दररेटमा बिक्री हुन्छ ?

६. यस उद्योगबाट फोहोर (वेष्टेज) पानी कहाँ र कसरी व्यवस्थापन गरिन्छ ?

७. यस उद्योगले के कति स्थानीय विकास निर्माणका कार्यमा सहयोग गरेको छ कि छैन ? छ भने कसलाई सहयोग गरेको छ ?

८. यस उद्योगबाट भविष्यका कर्णाधार स्थानीय युवाहरुले के कति धार्मिक, सांस्कृतिक जस्ता चेतनामूलक कार्यक्रममा सहयोग प्राप्त गरेका छन वा छैनन् ?

९. यस उद्योगमा कार्यरत सि. एम. मैनेजर कानून ऐन बमोजिम कार्य गर्दै आएका छन् वा छैनन् ?

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।